https://doi.org/10.3126/dristikon.v13i1.56104

# भाषा शिक्षणमा सूक्ष्म तथा सहपाठी शिक्षणको प्रयोगात्मक ढाँचा, स्वरूप र उपादेयता

शक्तिराज नेपाल

उपप्राध्यापक
नेपाली शिक्षा विभाग
महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल
shakti.nepal@mahmc.tu.edu.np

## लेखसार

'भाषा शिक्षणमा सूक्ष्म शिक्षण र सहपाठी शिक्षणको प्रयोगात्मक ढाँचा, स्वरूप र उपादेयता' नै यस लेखको शीर्षक हो । भाषा शिक्षणमा भाषाका चारवटै सीपको एकीकृत शिक्षण गरिन्छ । भाषाका सीपको विकास हुनु नै भाषा शिक्षणमा सिकाइ उपलब्धि हो । भाषा शिक्षणको प्रकृति नै प्रयोगात्मक छ । विषयको प्रकृति नै प्रयोगात्मक भएकाले यसमा नीतिगत रूपले नै सैद्धान्तिक तथा प्रयोगात्मक भनी कोर्स वा पाठ्यवस्तु छुट्याइएको हुन्छ । भाषा शिक्षणका सन्दर्भमा शिक्षण अभ्यासको महत्त्वपूर्ण भूमिका हुन्छ । भाषा शिक्षणको पठनपाठन सैद्धान्तिक प्रकृतिको हुने भएकाले शिक्षण अभ्यासको कार्यक्रम राखी यसलाई थप प्रयोगात्मक र पारदर्शी बनाउन खोजिएको हो । शिक्षण अभ्यासले विद्यार्थीलाई पूर्ण शिक्षक बन्ने अभ्यास गर्ने मौका दिन्छ । शिक्षण अभ्यास कार्यक्रममा जम्मा तीन तहका अभ्यासात्मक कार्यक्रमहरू हुन्छन् : सूक्ष्म शिक्षण, सहपाठी शिक्षण र स्कुल तथा क्याम्पस/कलेज शिक्षण । यो कार्यक्रम भनेको शिक्षार्थीका लागि वास्तविक शिक्षक बन्ने तथा अग्र एवम् पृष्ठपोषण सङ्कलन गर्ने अभ्यासको कार्यक्रम हो । शिक्षकले सानो आकारको विद्यार्थीको कक्षामा कसरी शिक्षण गर्ने, ठुलो आकारको विद्यार्थी सङ्ख्या भएका कक्षामा कसरी शिक्षण गर्ने भन्ने कुराको अभ्यास क्याम्पस/कलेजमा नै गर्ने भएकाले यस कार्यक्रमलाई पूर्व स्कुल/क्याम्पस शिक्षण कार्यक्रम र पश्च स्कुल/क्याम्पस शिक्षण गरी दुई चरणमा गर्ने गराउने गरिएको पाइन्छ । यसै प्रसङ्गमा यस लेखमा भाषा शिक्षणका सन्दर्भमा सूक्ष्मशिक्षण र सहपाठी शिक्षणको सैद्धान्तिक अर्थ, महत्त्व, कक्षाकोठाको स्वरूप, तरिका र पद्धतिका बारेमा चर्चा गरिएको छ । पुस्तक तथा विभिन्न अनुसन्धानात्मक सामग्रीहरूको अध्ययन गरी सैद्धान्तिक ढाँचा निर्माण गरिएको छ भने सूक्ष्मशिक्षण र सहपाठी शिक्षणको सैद्धान्तिक स्वरूपको ढाँचा निर्माण गरी विश्लेषण गरिएको छ ।

*शब्दकुञ्जी :* भाषा शिक्षण, शिक्षण अभ्यास, सूक्ष्मशिक्षण, सहपाठीशिक्षण, पूर्वस्कुल/क्याम्पस कार्यक्रम, पश्चस्कुल/क्याम्पस कार्यक्रम

## विषयपरिचय

भाषा शिक्षण भनेको भाषाका सीपको अभ्यास गरिने प्रयोगात्मक कार्य हो । यसमा भाषाका सीपहरूको शिक्षण गरिन्छ । यसको शिक्षणमार्फत भाषाका चारवटै सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्ने लक्ष्य राखिन्छ । भाषा शिक्षणमा भाषाको शिक्षण हुँदैन । 'भाषा शिक्षण सीपको शिक्षण हो । भाषा शिक्षण गर्दा विषयवस्तु गौण हुन्छ भने भाषिक सीप प्रमुख हुन्छ (शर्मा र पौडेल, २०६८, पृ. २) ।' भाषा शिक्षणलाई विषयवस्तु अभिव्यक्त गर्ने सीप तथा कलाको शिक्षणका रूपमा लिइन्छ । भाषा शिक्षण भाषाका सीपहरूको अभ्यासात्मक गतिविधि हो, यसमा भाषाका सीपको विकास गर्नका लागि भाषाका सीपलाई केन्द्रमा राखी प्रयोगात्मक कार्य गरिन्छ । भाषा शिक्षणको सम्बन्ध विद्यार्थीको प्रथम, दोस्रो तथा तेस्रो भाषा सिकाइसँग पनि रहन्छ । मातृभाषा तथा

सोद्देश्यमूलक भाषा सिकाइको कुरो पनि भाषा शिक्षणसँग नै जोडिएको हुन्छ । तसर्थ 'भाषा शिक्षणमा अभ्यासको सर्वाधिक महत्त्व रहन्छ । भाषा शिक्षण र अभ्यासलाई एकअर्काको पूरक भने पनि हुन्छ (शर्मा र पौडेल, २०६८, पृ. २)' किनकि भाषाको शैक्षणिक क्रियाकलापको सम्बन्ध भाषा शिक्षणको अभ्यास तथा पुनरावृत्तिको सिद्धान्तसँग सम्बन्धित हुन्छ ।

भाषा शिक्षणको उद्देश्य भाषाका सीपको सिकाइ उपलब्धि हासिल गर्ने क्रियाकलाप सञ्चालन गर्नु वा अभ्यास वा पुनरावृत्ति गर्नु पनि हो । 'भाषा शिक्षणमा विषयवस्तु आधार सामग्री बन्छ । यसलाई सीप सिकाउने माध्यम मानिन्छ (ढकाल र खतिवडा, २०७५, पृ. २)।' भाषाका सीपहरू एकअर्कामा एकीकृत रूपले बाँधिएका हुन्छन् । एउटाको मात्र शिक्षण गरेर सिकाइ प्राप्त हुन सक्दैन । भाषाका सीपको शिक्षणमा चारवटै सीपहरूको एकीकृत शिक्षण गर्नुपर्छ । 'भाषाका सीपहरूलाई अलग्याएर हेर्दा भाषाभित्र पर्ने चारवटा तत्त्वलाई भाषिक सीपमा वर्गीकरण गर्न सकिन्छ (ढकाल र खतिवडा, २०७५, पृ.२) ।'

भाषा शिक्षणको पठनपाठन शिक्षाशास्त्र सङ्कायअन्तर्गत बिएड तथा एमएड तहमा गरिन्छ । ती तहहरूको एक मेजर विषयका रूपमा भाषा शिक्षणको गतिविधि सञ्चालन गरिन्छ । जुन गतिविधिसँग जोडेर यसलाई शिक्षक उत्पादनको एक मुख्य कार्यक्रमका रूपमा लिई यससँग शिक्षण अभ्यासको कार्यक्रम जोडिएको हुन्छ किनकि भाषा शिक्षणको प्रकृति नै प्रयोगात्मक भएकाले यसको प्रयोगात्मक कार्य वा मूल्याङ्कनका रूपमा शिक्षण अभ्यास कार्यक्रम सञ्चालन गरिन्छ । भाषा शिक्षणमा विभिन्न विधि तथा पद्धतिहरूको प्रयोग गरी भाषा शिक्षणको कक्षालाई प्रयोगात्मक बनाइन्छ । भाषा शिक्षक निर्माण र भाषा शिक्षणको सम्बन्धका बारेमा हेमाङ्गराज अधिकारीले प्रस्तुत गरेको प्रसङ्ग यहाँ सान्दर्भिक देखिएको छ :

> भाषा शिक्षण गर्दा विभिन्न पद्धति तथा विधिहरूको उपयोग गरिन्छ । कुन स्थितिमा के कस्ता पद्धति वा विधिको उपयोग गरी भाषा सिकाएमा अपेक्षित लक्ष्य हासिल गर्न मदत मिल्छ भन्ने कुराको जानकारी शिक्षकलाई भएमा मात्र उसले परिस्थिति अनुरूप अनुकूल हुने पद्धति वा विधिको छनोट गर्न सक्दछ । फेरि सबै स्थितिमा वा सधैँ एउटै किसिमको पद्धति वा विधि उपयोग गर्नु उपयुक्त हुँदैन र एउटै पाठ्यवस्तु सिकाउँदा पनि एकभन्दा बढी तरिकाको उपयोग आवश्यकता, प्रयोजन, शिक्षार्थीहरूको स्तर तथा परिवेश हेरी गर्न सकिएमा अझ बेस हुन सक्छ (२०६७, पृ. ६१) ।

भाषा शिक्षणका विभिन्न कार्यक्रममध्ये शिक्षण अभ्यास एक अपरिहार्य कार्यक्रम हो । जसमार्फत भाषा शिक्षण गर्ने भाषा शिक्षकको उत्पादन, निर्माण तथा विकास गर्न मदत पुग्दछ । भाषा शिक्षक निर्माण गर्ने विभिन्न कार्यक्रममध्ये शिक्षण अभ्यासअन्तर्गत सूक्ष्म शिक्षण र सहपाठी शिक्षण महत्त्वपूर्ण कार्यक्रमहरू हुन् । यी सूक्ष्म र सहपाठी शिक्षणलाई शिक्षण अभ्यासका महत्त्वपूर्ण कार्यक्रमका रूपमा चिनिन्छ । यिनीहरूलाई पूर्व शिक्षण कार्यक्रम पनि भनिन्छ । स्कुल/कलेजमा शिक्षण अभ्यास गर्न जानु/पठाउनुअघि स्कुल/कलेजमा नै विषय शिक्षकको सुपरिवेक्षणमा गराइने शिक्षणका अभ्यासहरू भएकाले यी दुवै कार्यक्रमको महत्त्व शिक्षण अभ्यास कार्यक्रममा अधिक रहन्छ । सिक्ने वा सिकाउनुपर्ने पाठ्यांशलाई समय, उद्देश्य तथा सहभागीको सङ्ख्याका आधारमा घटाएर वा छोट्याएर बनाइएको पूर्वशैक्षणिक अभ्यास नै सूक्ष्म शिक्षण हो भने 'सहपाठी शिक्षणमा एक वा एकभन्दा बढी विद्यार्थीहरू निश्चित विषयक्षेत्रमा सहभागी भई अरु सहपाठी/विद्यार्थीलाई प्रशिक्षण गर्ने, पढाउने तथा दुईभन्दा बढीपटक पुनरावृत्ति गरी सिक्नलाई सिकाउने/पढाउने भन्ने भावनाको विकास गरिन्छ (विट्मैन, १९९८) । अतः शिक्षण अभ्यास कार्यक्रम सफल बनेमा भाषा शिक्षण तथा यसले राखेका उद्देश्य पनि प्राप्त गर्न सकिएको ठानिन्छ । तसर्थ प्राज्ञिक उद्देश्य राखेर सूक्ष्म शिक्षण र सहपाठी शिक्षणको स्वरूप, प्रकृति, तरिका तथा भाषा शिक्षणमा

उपयोगिताका बारेमा अहिलेसम्म अध्ययन नगरिएकाले प्राज्ञिक रूपले अध्ययन तथा अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिन्छ । सोही रिक्तता पुरा गर्न प्रस्तुत लेखमा भाषा शिक्षणमा सूक्ष्म तथा सहपाठी शिक्षणको सैद्धान्तिकीकरणलाई अनुसन्धानको विषयगत आधार बनाइएको छ । सूक्ष्म शिक्षणको अर्थ के हो र यसको पद्धति तथा प्रक्रिया कस्तो हुन्छ ? साथै सहपाठी शिक्षणको अर्थ के हो र यसको पद्धति, तरिका तथा प्रक्रिया कस्तो हुन्छ ? भन्ने कार्यक्रमको ढाँचा निर्माण र भाषा शिक्षणमा यी दुवै प्रयोगात्मक कार्यको उपादेयता कस्तो छ ? भन्ने विषयलाई नै यस लेखको विषय तथा अनुसन्धानात्मक प्रश्न बनाइएको छ । तिनै प्रश्नहरूका आधारमा समस्याकथन, अनुसन्धान उद्देश्य, सीमा, अनुसन्धान विधि तथा औचित्य निर्धारण गरी सैद्धान्तिक ढाँचा तयार गरिएको छ । पुस्तकालय कार्य पद्धतिलाई अपनाई अनुसन्धानात्मक पुस्तक तथा विभिन्न अनुसन्धानात्मक सामग्रीबाट प्राप्त निष्कर्षलाई यस अध्ययनको आधार बनाइएको छ ।

**समस्याकथन**

यस लेखमा निम्नानुसारका अनुसन्धानात्मक प्रश्नका आधारमा समस्याकथन निर्धारण गरिएको छ :

क. सूक्ष्म शिक्षणको स्वरूप तथा कक्षाकोठाको ढाँचा कस्तो हुन्छ ?

ख. सहपाठी शिक्षणको स्वरूप तथा कक्षाकोठाको ढाँचा कस्तो हुन्छ ?

ग. भाषा शिक्षणमा सूक्ष्म तथा सहपाठी शिक्षणको महत्त्व के छ ?

**अध्ययनको उद्देश्य**

यस लेखलाई सोद्देश्यमूलक बनाउन माथि प्रस्तुत अनुसन्धानात्मक प्रश्नको उत्तरात्मक अभिव्यक्तिका रूपमा निम्नानुसारका उद्देश्य राखिएको छ :

क. सूक्ष्म शिक्षणको स्वरूप तथा कक्षाकोठाको ढाँचा पहिचान गर्नु,

ख. सहपाठी शिक्षणको स्वरूप, कक्षाकोठाको ढाँचा प्रस्ट पार्नु,

ग. भाषा शिक्षणमा सूक्ष्म तथा सहपाठी शिक्षणको महत्त्व प्रस्ट पार्नु,

**अध्ययनको परिसीमा**

यस लेखलाई निम्नानुसार सीमाभित्र परिसीमित गरी अध्ययन गरिएको छ :

अध्ययनको खाका प्रस्ट पार्नका लागि सीमा निर्धारण गर्नुपर्छ । अध्ययनलाई वस्तुगत आधारमा ढाल्न पनि सीमा तोकिनु आवश्यक हुन्छ । यस अध्ययनमा भाषा शिक्षणको परिचय दिएर यसको महत्त्वपूर्ण कार्यक्रमका रूपमा शिक्षण अभ्यास कार्यक्रमलाई चिनाउनु, शिक्षण अभ्यास कार्यक्रमका अत्यावश्यक कार्यक्रमका रूपमा सूक्ष्म शिक्षणको भाषा शैक्षणिक परिचय, स्वरूप निर्माण तथा कक्षाकोठामा यसको शिक्षणीय ढाँचा निर्धारण तथा सहपाठी शिक्षणको भाषा शैक्षणिक परिचय, स्वरूप निर्माण तथा कक्षाकोठामा यसको शिक्षणीय ढाँचा निर्धारण तथा भाषा शिक्षणमा उपादेयतालाई मात्रै केन्द्रमा राखिएको छ । विशेषतः सूक्ष्म तथा सहपाठी शिक्षणको कक्षाकोठाको स्वरूप तथा शिक्षणीय ढाँचा निर्माण तथा व्यावहारिकतामा मात्रै लेख केन्द्रित भएकाले सिद्धान्ततः चर्चा गर्नमा यो लेख संरचित छ ।

**अध्ययनको औचित्य**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तहको चौथो वर्ष तथा स्नातकोत्तर तहको चौथौ सत्रमा शिक्षण अभ्याससम्बन्धी कार्यलाई व्यवस्थित, पारदर्शी, मर्यादित र प्रभावकारी बनाउनका लागि

स्नातक तहको शिक्षण अभ्यास पाठ्यांश (एड. ४४०) तथा स्नातकोत्तर चौथो सेमेस्टरअन्तर्गत नेपा.शि.(५४२)को तर्जुमा गरिएको छ । त्रि वि द्वारा २०७२ सालबाट परिवर्तन गरिएको स्नातक तहको पाठ्यक्रम अनुसार नै बि. एड चौथो वर्षको शिक्षण अभ्यास पाठ्यांशको पनि परिष्कार र परिमार्जन गरिएको छ । शिक्षण अभ्यास एक प्रयोगात्मक पाठ्यांश हो । यसमा अरू विषयमा जस्तै चौथो वर्षको अवधिभर विषयगत रूपमा शिक्षण गर्नका लागि १५० घण्टी छुट्याइएको छ । यस पाठ्यांशमा मूलतः नौ ओटा पक्षहरू : सूक्ष्म शिक्षण, सहपाठी शिक्षण, कक्षा शिक्षण, सहपाठी अवलोकन, पाठ्यक्रम तथा पाठ्यपुस्तक विश्लेषण, प्रश्न निर्माण एवं विश्लेषण, विद्यालय अध्ययन प्रतिवेदन, कार्यमूलक अनुसन्धान र समग्र प्रतिवेदन रहेका छन् । स्नातकोत्तर तहका लागि पनि ३ क्रेडिट आवर छुट्याई सैद्धान्तिक रूपले पुष्टि गरिसकेपछि मात्रै वास्तविक शिक्षणमा पठाउनुपर्छ भन्ने आशयमा कोर्सहरू निर्धारण गरिएका छन् । उपर्युक्त पक्षहरू मध्ये यस अध्ययनमा सूक्ष्म शिक्षण र सहपाठी शिक्षणका बारेमा मात्र चर्चा गरिएको छ । भाषा शिक्षणमा शिक्षण अभ्यास एक अभिन्न अङ्गका रूपका व्यवहृत छ । शिक्षण अभ्यासका तीन कार्यक्रमहरूमध्ये सूक्ष्म शिक्षण र सहपाठी शिक्षणलाई शिक्षण अभ्यासको एउटा अभिन्न अङ्गका रूपमा लिन सकिन्छ । यो शिक्षण छोटो समयमा, थोरै विद्यार्थी वा सहपाठी र प्रशिक्षकको उपस्थितिमा सञ्चालन गरिने पूर्व अभ्यासात्मक कार्यक्रम हो । यसअन्तर्गत भाषाका चारवटै सीपहरूको एकीकृत विकास गर्ने अपेक्षा राखिएको हुन्छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशात्र सङ्कायले शिक्षक शिक्षाको अभिमुखीकरण तथा प्रयोगात्मक कार्यक्रम अन्तरगत मूलतः स्नातक र स्नातकोत्तर तहमा शिक्षण अभ्यास कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । यी कार्यक्रमहरूमा शिक्षण अभ्यासलाई अनिवार्य र आधारभूत प्रायोगिक पाठ्यांशका रूपमा समाविष्ट गरेको छ । शिक्षण कार्यमा विशिष्टता प्रदान गर्ने उद्देश्यले तयार गरिएको यो कार्यक्रम तहगत रूपमा यसको सञ्चालन तथा व्यवस्थापन प्रक्रियामा भने केही भिन्नता र विविधता रहेको पाइन्छ । शिक्षालाई प्रभावकारी र बढी उत्पादनमूलक बनाउन शिक्षण व्यवस्था प्रभावकारी हुनु पर्दछ । शिक्षण व्यवस्थालाई प्रभावकारी बनाउन शिक्षकहरूमा खासखास सीप, दक्षता विकास गर्नै पर्छ । तसर्थ यस अध्ययनमार्फत् शिक्षण अभ्यासको कार्यक्रम सञ्चालन गर्न, शिक्षण अभ्यासका तीनवटै कार्यक्रमलाई सिद्धान्ततः प्रस्ट बनाई अभ्यास गर्न एवम् शिक्षण अभ्यासका कार्यक्रममार्फत् भाषा शिक्षणका उद्देश्य पनि पूरा गर्ने नीति निर्माता, अध्येता, विद्यार्थी, प्राध्यापक, सरोकारवालालाई समेत यस लेखले मदत गर्दछ ।

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

सूक्ष्म शिक्षण र सहपाठी शिक्षणका बारेमा धेरै छलफल, बहस तथा अध्ययन भएका पाइन्छन् । शिक्षण सिकाइ गतिविधिलाई प्रभावकारी बनाउने हेतुले दुवै पद्धतिलाई अपनाउने गरिन्छ  तथापि यी दुवै पद्धतिका बारेमा भएका केही अध्ययनलाई पूर्वकार्यका रूपमा अपनाई समीक्षा गरिएको छ ।

सूक्ष्म शिक्षणलाई प्रस्ट पार्दै नेपाली भाषा शिक्षणसँग जोडेर शर्मा र पौडेलले पनि उल्लेख गरेका छन् । सूक्ष्म शिक्षणलाई शिक्षण सिकाइको पूर्व अभ्यास पद्धतिका रूपमा अपनाइएको छ । सूक्ष्म शिक्षणमा प्रशिक्षार्थी, छात्र शिक्षक वा भावी शिक्षकहरूलाई ससाना समूहमा विभाजन गरेर छोटाछोटा पाठ योजना बनाई आआफ्नो पालैपालो रीतपूर्वक शिक्षण अभ्यासमा सरिक गराइन्छ अनि आपसी छलफल, टिप्पणी र सरसल्लाहबाट शिक्षण सम्बन्धी कमीकमजोरी र नकारात्मक पक्षहरूमा सुधार र परिमार्जन गर्ने पृष्ठपोषण दिइन्छ (शर्मा र पौडेल, २०६८, पृ. ४४०) । सूक्ष्म शिक्षणलाई लघु शिक्षणका रूपमा प्रस्तुत गर्दै ढकाल र खतिवडाले पनि सैद्धान्तिक पक्षको चर्चा गरेका छन् । लघु शिक्षण समय र पाठ्यांशलाई छोट्याइएको शिक्षण हो । ४०-४५ मिनेटको कक्षा समयलाई ५-१० मिनेटको समय सीमामा ढाली लघु शिक्षण गरिन्छ । यसमा विषयवस्तु पनि समयको अनुपात अनुसार थोरै

लिइन्छ । कक्षामा विद्यार्थीहरू पनि ५-१० जनामात्र राखिन्छ । खास पाठ्यवस्तु वा विषयवस्तु प्रस्तुतीकरणका तरिका चरणबद्ध रूपमा अपनाउने प्रयास गरिन्छ (२०७५, पृ. १९९) ।

सहपाठी शिक्षणका बारेमा धेरै विरोधाभास विषय तथा कुराहरू पनि प्रयोगमा आएका पाइन्छन् तथापि यससम्बन्धी गरिएका अध्ययन, अनुसन्धान र यस पद्धतिको प्रकृतिअनुसार यसको अर्थ र महत्त्व भाषा शिक्षणमा मात्रै हैन समग्र शिक्षणमा अत्यधिक रहेको पाइन्छ । 'सहपाठी शिक्षणका बारेमा धेरै राम्रा प्रमाणहरू छन् कि ती प्रमाणहरूले सहपाठी शिक्षणले प्रभावकारी रूपमा बृहत् सिकाइको लक्ष्य तथा उद्देश्य पूरा गर्न, विस्तृत किसिमको विषयलाई प्राप्त गर्न तथा विविध प्रकृतिका विद्यार्थीहरूको व्यक्तित्व निर्माण गर्न प्रभावकारी भूमिका खेल्छ (म्याक केक : र अन्य, १९८६) ।' सहपाठी शिक्षणमा एकभन्दा बढी विद्यार्थी शिक्षक तथा विद्यार्थी सँगसँगै प्रस्तोता बन्न सक्छन् । आफ्ना सिकाइका उद्देश्य, सामग्री, क्रियाकलाप, मूल्याङ्कनका साधन तथा स्टेजसमेत साटासाट गर्न, सहकार्य गरी सँगसँगै काम गरी प्रस्तुति दिन सक्छन् । एकजना प्रमुख प्रस्तोता, अर्को सहायक प्रस्तोता र अर्को स्वयम् सेवक प्रस्तोता बनेर कुनै विषयलाई प्रस्तुत गर्न सक्छन् । यसमा शिक्षण सिकाइको सुरुवात औपचारिक बन्ने तर क्रियाकलाप अनौपचारिक बनी विद्यार्थीहरू एकअर्काका बिच खुलेर आफ्ना समस्या राख्ने, समस्या समाधानमा सँगसँगै सहभागी बन्ने तथा विनाशिक्षक सिकाइ गतिविधि सञ्चालन गर्न सक्दछन् । 'सहपाठी शिक्षणमा एक वा एकभन्दा बढी विद्यार्थीहरू निश्चित विषयक्षेत्रमा सहभागी भई अरु सहपाठी/ विद्यार्थीलाई प्रशिक्षण गर्ने, पढाउने तथा दुईभन्दा बढीपटक पुनरावृत्ति गरी सिक्नलाई सिकाउने/पढाउने भन्ने भावनाको विकास गरिन्छ (विट्मैन, १९९८) ।' एउटै योजनालाई एकभन्दा बढी प्रस्तोताले आफ्नो तरिका, शैली, कौशल, खुबी तथा सीपको प्रयोग गरी पुनः प्रस्तुत गर्न सक्दछ । यसको मतलब के हो भने *एकजनाले पढाएको विषयलाई अर्कोले पनि दोहोर्‍याएर पढाउन, पुनरावृत्त गर्न तथा सिकाइको योजना नै साटेर सिक्ने सिकाउने कार्य गर्ने अवसर सहपाठी शिक्षणमा हुन्छ। एक विषयलाई एकभन्दा बढी विद्यार्थी मिलेर योजना बनाउन, सामग्री निर्माण गर्न तथा शिक्षण सिकाइ गतिविधि सञ्चालन गर्न सक्दछन्।* एउटाको प्रस्तुतिमा अर्कोले थपिदिन तथा सहयोग गरिदिन सक्दछ । सहपाठी भन्ने बित्तिकै सँगसँगै काम गर्ने, सँगसँगै पढ्ने समकक्षीलाई बुझिने भएकाले उनीहरू शिक्षण सिकाइ गतिविधि पनि मिलेर नै सञ्चालन गर्दछन् । कसैकसैले यसलाई सहकार्य शिक्षणसँग पनि जोडेर हेर्ने गरेका छन् अनि कसैले सहशिक्षण तथा टिमशिक्षणसँग पनि जोडेर हेर्ने गरेको पाइन्छ तर ती शिक्षणहरू सहपाठी शिक्षणकै सहकार्यकलाप हुन् तसर्थ यसलाई सहकार्य शिक्षण नै चाहिँ भनिने होइन तथापि सहकार्यलाई सहपाठी शिक्षणको क्रियाकलापका रूपमा लिन सकिन्छ । यस सन्दर्भमा डुकले उल्लेख गरेका छन् :

> सहपाठी शिक्षणले सिकारुलाई सिक्ने ज्ञान तथा सामग्रीको सङ्गठन, समीक्षा, अन्तरसम्बन्ध कायम गर्ने जिम्मेवारी बहन गर्ने क्षमता बृद्धि गर्छ तथा तिनीहरूको आधारभूत संरचनाको बोध गर्न, रिक्तता पूरा गर्न, अतिरिक्त अर्थ तथा अभिप्राय पत्ता लाउन, नयाँ अवधारणाको ढाँचामा ज्ञानलाई पुनर्निमाण गर्न आदि क्षमताको बृद्धि गरी जिम्मेवार सिकारुको विकास गर्छ (१९९३) ।

सहपाठीमार्फत् सिकाइमा सहयोग तथा समन्वय हुनु भनेको विद्यार्थी तथा शिक्षकलाई पनि महत्त्वको विषय बन्नु हो । सहपाठीबाट सिकाइमा सहयोग तथा समन्वय हुँदा विद्यार्थीलाई आत्मनिर्भर बनेको महशुस हुन्छ । शिक्षकमा भरपरिरहनु नपर्ने वातावरणको निर्माण पनि सहपाठी सिकाइले गर्दछ । 'सहकार्यात्मक सिकाइ एउटा सामूहिक सिकाइ पद्धति हो जसमा सिकाइका लागि आफ्नो क्षमता बढाउने बढीभन्दा बढी अवसरहरू प्राप्त गरिन्छ । उनीहरूसँग शिक्षण गर्ने अवसर नै शिक्षक बन्ने अवसर हो भन्ने अनुभव प्राप्त हुन्छ (फेरिभर र वेब, १९९४) ।' शिक्षण तथा सिकाइमा सहकार्य तथा सामूहिक प्रयास नै सहपाठी शिक्षणको आशय हो । कक्षाकोठामा सिकाइका

लागि जे हुन्छ विद्यार्थीहरूको समन्वयमा तथा सहकार्यमा हुन्छ र उनीहरूको आपसी मिलेमतोमा आपसी शिक्षण तथा सिकाइ हुन्छ ।

भाषा शिक्षणलाई भाषाका चारवटा सीपहरूको शिक्षणका रूपमा लिइन्छ । यसलाई थप व्यावहारिक र प्रयोगात्मक बनाउन कक्षाकोठाभित्र र बाहिर विभिन्न भाषिक गतिविधिका कार्यक्रमहरू सञ्चालन गरिन्छ । भाषा शिक्षणको वस्तुगत कार्यक्रमका रूपमा शिक्षण अभ्यासलाई लिइन्छ । यसले भाषा शिक्षणलाई मूर्त बनाउने काम गर्दछ । शिक्षण अभ्यासका तीनवटा कार्यक्रम हुन्छन् : सूक्ष्म शिक्षण, सहपाठी शिक्षण र वास्तविक शिक्षण । यी तीनवटा कार्यक्रममध्ये सूक्ष्म शिक्षण र सहपाठी शिक्षण पूर्व अभ्यासात्मक कार्यक्रमहरू हुन् भने वास्तविक शिक्षण कलेज/स्कुलको कक्षाकोठामा गएर गरिने वास्तविक कार्यक्रम हो । सूक्ष्म शिक्षण र सहपाठी शिक्षणलाई कक्षाकोठाभित्र र बाहिर दुवै थलोमा अपनाउन सकिने कार्यक्रमका रूपमा लिइन्छ ।

माथि चर्चा गरिएका दुवै पद्धतिहरूको अभिप्राय, प्रक्रिया तथा स्वरूपका बारेमा गरिएका अध्ययनको समीक्षा गर्दा सैद्धान्तिक अर्थ तथा अभिप्रायको मात्र ढाँचालाई उल्लेख गरिएको पाइन्छ । यी दुवै पद्धतिहरू भाषा शिक्षणको महत्त्वपूर्ण कार्यक्रम शिक्षण अभ्यास कार्यक्रमको अभिन्न अङ्ग हुन् । यिनीहरूलाई प्रभावकारी र सैद्धान्तिक रूपले प्रस्ट उल्लेख गरी अपनाइने स्वरूपको प्रयोग कहीँ कतै पनि नपाइएको, कक्षाकोठाको शैक्षणिक स्वरूप पनि प्रस्ट नभएको, कक्षाकोठाभित्र वा बाहिर गरिने गतिविधिका बारेमा पनि प्रस्ट उल्लेख नगरिएको अनि यिनीहरूको कक्षाकोठामा प्रयोग गरिने स्वरूपका बारेमा भाषाशैक्षणिक हिसाबले चर्चा गरिएको प्रस्टतः पाइएन । तसर्थ यस अध्ययनमा पूर्वअध्ययनहरूका आधारमा र चर्चा गरिएका सामग्रीहरूका आधारमा यी दुवै शिक्षण पद्धतिहरूको सैद्धान्तिक स्वरूप वा ढाँचा तयार गर्न माथिका अध्ययेय सामग्रीहरू  उपयोगीसिद्ध भएका छन् ।

**सूक्ष्म शिक्षण भनेको के हो ?**

सूक्ष्म शिक्षण भनेको कक्षा आकार र समयलाई घटाएर अभ्यासका लागि बनाइएको शिक्षण कार्यक्रम हो । यसमा पूर्ण कक्षाको आकार, विद्यार्थी सङ्ख्या, समय तथा उद्देश्यलाई समेत एक चौथाइ अंशमा घटाई वा व्यवस्थापन गरी योजना बनाइन्छ र शिक्षणको अभ्यास गरिन्छ । एलेनले पनि यसलाई कक्षाको आकार र समय घटाएर बनाएको शिक्षण कार्यकलापका रूपमा प्रस्तुत गरेका छन् (१९६६) । सूक्ष्म शिक्षणलाई शिक्षण अभ्यासको पूर्व अभ्यासको शिक्षण मानिन्छ । कसै कसैले यसलाई लघु शिक्षण पनि भन्ने गरेको पाइन्छ । 'शिक्षाशास्त्रीय दृष्टिले कुनै विषय शिक्षण, प्रशिक्षण  वा तालिमका क्रममा प्रशिक्षार्थी वा छात्र शिक्षकहरूलाई वास्तविक विद्यालय शिक्षणमा जानुभन्दा अगाडि लघु शिक्षण कार्यक्रममा संलग्न गराइन्छ (शर्मा र पौडेल, २०६८, पृ. ४४०) ।' शिक्षकको पेसागत विकास अनुभवबाट सिर्जित ज्ञानका आधारमा हुन्छ । सूक्ष्म शिक्षण नियन्त्रित तर सुधारोन्मुख तरिकाले पेसागत कार्यगत सीप विकास गर्ने विधिको रूपमा प्रयोग हुँदै आएको अभ्यासात्मक विधि हो । 'पश्चिमी देशहरूमा सूक्ष्म शिक्षणलाई निश्चित शिक्षण सीप वा तरिका वा रणनीतिसँग गाँसेर प्रस्तुतिहरू हुने गर्छन् (बस्याल, २०७७) ।' सूक्ष्म शिक्षणले शिक्षकलाई नयाँ सीप परीक्षण गर्ने, विकास गर्ने र पेसागत ज्ञानको स्रोत मजबुत पार्ने अवसर प्रदान गर्छ । यसलाई भाषा शिक्षणको शिक्षण अभ्यास कार्यक्रमको प्रथम चरण वा पूर्व अभ्यासात्मक कार्यक्रमका रूपमा लिइन्छ । यसमा शिक्षणीय पाठलाई विभिन्न अंशमा बाँडेर विशिष्टीकृत बनाई सूक्ष्म उद्देश्य राखेर सानो सङ्ख्याको विद्यार्थी समूहमा शिक्षण गरी पृष्ठपोषण लिने अभ्यास गरिन्छ । 'सूक्ष्म शिक्षण एउटा निश्चित शिक्षण सीप वा धारणा मात्र विकास गर्ने लक्ष्यका साथ प्रस्तुत गरिने शिक्षण अभ्यास हो, जसमा प्रयुक्त कार्यशैलीका बारेमा सुपरिवेक्षक र विद्यार्थीबाट तुरुन्तै पृष्ठपोषण प्रदान गरिन्छ (बार्टली, २०१८) ।' यसमा शिक्षकलाई सीपको परीक्षण अभ्यास गर्नका लागि प्रायः पाँच मिनेटको समय दिइन्छ । त्यस्तो शिक्षण कार्यको

अडियो/भिडियो रेकर्ड गरिन्छ। त्यसपश्चात् विद्यार्थी *(जो सहपाठी हुन् र विद्यार्थीको भूमिका निर्वाह गरिरहेका हुन्छन्)* र सुपरिवेक्षकबाट पृष्ठपोषण प्रदान गरिन्छ। यसक्रममा रेकर्ड हेर्ने र समीक्षाका क्रममा आफ्नो धारणा राख्ने अवसर शिक्षकलाई पनि प्राप्त हुन्छ। यसलगत्तै पुनः पाँच मिनेटको शिक्षण गर्ने अवसर प्रदान गरिन्छ। यसरी यसको शिक्षण क्रम चलिरहन्छ। नेपालको अभ्यास हेर्ने हो भने १०/१२ मिनेट शिक्षण प्रस्तुतिका लागि समय छुट्याएको पाइन्छ।

सूक्ष्म शिक्षणको इतिहास अमेरिकाको स्ट्यान्फोर्ड विश्वविद्यालयबाट सुरु भएको पाइन्छ। सन् १९६३ मा सर्वप्रथम सूक्ष्म शिक्षणको प्रयोग गरिएको थियो। पूर्वसेवाकालीन शिक्षक तालिमका लागि सूक्ष्म शिक्षण अभ्यास सुरु गरिएको थियो। अहिले पनि पूर्वसेवाकालीन वा सेवाप्रवेश वा सेवाकालीन तालिममा सूक्ष्म शिक्षण अभ्यास गरिन्छ। यसको महत्त्वका बारेमा जोड दिँदै जर्ज ब्राउन (१९७५) ले शिक्षक प्रशिक्षणको अपरिहार्य अङ्गका रूपमा व्याख्या गरेका छन्। शिक्षण कार्यका लागि विभिन्न शिक्षण सीपहरू आवश्यक पर्दछन्। ती सीपहरू सूचीकृत गरी क्रमशः प्रस्तुत गरिन्छ। एउटा सूक्ष्म शिक्षण एउटा मात्र सीपको विकास गर्ने लक्ष्यसहित प्रदर्शित हुन्छ।

**सहपाठी शिक्षण भनेको के हो ?**

२१औँ शताब्दीको शिक्षण सिकाइका विकसित पद्धतिहरू (*आलोचनात्मक सोचाइ, समन्वयात्मक सिकाइ, सिर्जनात्मक कार्य, सञ्चार सीपको सिकाइ* ) मध्ये समन्वयात्मक सिकाइको एक भरपर्दो र महत्त्वपूर्ण पद्धतिका रूपमा सहपाठी सिकाइलाई लिइन्छ। यसलाई कक्षाकोठामा लागू भएका/गरिएका अवस्थामा सहपाठी शिक्षण भनिन्छ। कुनै पनि विषयवस्तु प्रस्तुत गर्ने उत्कृष्ट पद्धति वा तरिकाका रूपमा यसलाई लिइन्छ। यसलाई शिक्षार्थीमैत्री शिक्षण सिकाइको उत्तम उपायका रूपमा पनि अर्थ्याइएको पाइन्छ। ग्रिकमा सर्वप्रथम अरस्तु र सुकरातको अवधारणामा आधारित यस शिक्षण पद्धतिलाई एन्ड्री बेलले प्रयोगमा ल्याएका थिए। तथापि सन् १९०० तिर मात्रै यो पद्धति चर्चामा आयो। यसमा शिक्षकको सुपरिवेक्षणमा एउटा विद्यार्थीले अर्को विद्यार्थीलाई पढाउने, आफ्ना सिकाइका सामग्री, विषयवस्तु, उद्देश्य, अनुभवहरू एकापसमा साटासाट गरी सँगसँगै वा आलोपालो प्रस्तुत गर्ने तरिका अपनाइन्छ। *एकपछि अर्को सम्बन्धित विषयको विज्ञका रूपमा प्रस्तुत हुने, एउटा प्रस्तोता बन्दा अर्को सिकारु वा दर्शक/पर्यवेक्षक बनी पृष्ठपोषण प्रदान गर्ने, बिनाहिच्किचाहट दोहोरो भूमिकामा सिक्ने तथा सिकाउने शिक्षण सिकाइ पद्धति*का रूपमा सहपाठी शिक्षणलाई लिइन्छ। कोलिन्स डिक्सनरीका अनुसार 'शिक्षकसँग भर नपरी आफ्नै सहपाठीसँग नै सिक्ने/सिकाउने तथा सिक्ने पाठ तथा एकाइहरू पटकपटक पुनरावृत्त गर्ने मौका सँगसँगै प्राप्त गर्ने खालको एवम् *'दोब्बर वा दुईचोटीको सिकाइका लागि शिक्षण'* अवधारणामा आधारित शिक्षण पद्धतिका रूपमा यसलाई चिनिन्छ।' विद्यार्थीहरूका बिच प्रत्यक्ष अन्तरक्रिया हुने, विद्यार्थीको सिकाइमा सक्रियता सिर्जना गर्ने, *आफूले सिक्ने आफैँले सिकाउने सहभागितामूलक सिकाइपद्धति* एवम् *एकअर्कामा प्रशिक्षण गर्ने, गराउने तथा शैक्षिक पाठहरू आदानप्रदान गरी आफ्नो ज्ञानको दायरा आफैँ बढाउने* तथा *आफ्नो सिकाइमा आफूआफू मिलेर उत्प्रेरणा थप्ने* खालको सिकाइको पद्धतिलाई सहपाठी शिक्षणका रूपमा प्रयोग गरिएको छ।

## शोधविधि तथा सामग्री

यस लेखका लागि सामग्री सङ्कलन विधि तथा विश्लेषण गरी दुईखाले विधिको प्रयोग गरिएको छ। विशेषतः पुस्तकालय कार्य, तथा कक्षाकोठाका उत्तम अभ्याससहरूलाई यस अध्ययनको आधार बनाइएको छ। अध्ययनका लागि लिखित तथ्याङ्क सङ्कलन गर्ने क्रममा विभिन्न विद्वानहरूको लिखित दस्तावेज, अनुसन्धानात्मक सामग्री तथा कार्यपत्रहरूबाट यादृच्छिक छनोट विधिअनुसार छनोट गरिएको छ। सोद्देश्यमूलक नमुना छनोट विधि अवलम्बन गरी भाषा शिक्षणको परिचय, सूक्ष्म शिक्षणको परिचय, सूक्ष्म शिक्षणको स्वरूप, ढाँचा, उपादेयता,

सहपाठी शिक्षणको परिचय, ढाँचा, स्वरूप तथा उपादेयतासम्बन्धी सूचनालाई प्रकाशित, अप्रकाशित सामग्रीहरूको खोजी तथा सङ्कलन गरी अध्ययन गरिएको छ । समस्याकथनमा उठाइएका समस्याका प्रश्नहरू(भाषा शिक्षणमा अभ्यास शिक्षण कार्यक्रमको महत्त्व, सूक्ष्म शिक्षणको परिचय, कक्षाकोठामा यसको स्वरूप, ढाँचा, तथा सहपाठी शिक्षणको परिचय, स्वरूप, ढाँचा र उपादेयता) मा आधारित भई प्राप्त सामग्रीलाई वर्णनात्मक विधिद्वारा व्याख्या विश्लेषण गरिएको छ । अतः यस अध्ययनका लागि सामग्री सङ्कलनको स्रोत द्वितीयक, सङ्कलन प्रक्रिया पुस्तकालयीय पद्धति र विश्लेषण चाहिँ वर्णनात्मक विधिलाई अपनाइएको छ । खास गरी स्नातक तह तथा स्नातकोत्तर तहको नेपाली भाषा शिक्षा विषय अन्तर्गत शिक्षण अभ्यास पाठ्यक्रमको सूक्ष्म र सहपाठी शिक्षणलाई मात्र केन्द्र बनाई अध्ययन गरिएको छ । यस लेखको तयारीका लागि विद्वानको परामर्श, अध्येताको निजी अध्ययन, अनुभव र दृष्टिकोणलाई समेत आधार बनाइएको छ । साथै कक्षा छलफल, शिक्षण अनुभव र शिक्षण अवलोकनबाट प्राप्त प्रयोगात्मक ज्ञानलाई पनि समावेश गरिएको छ । यो गुणात्मक अनुसन्धान भएकाले सोद्देश्यमूलक नमुना छनोट विधिद्वारा लिखित सामग्रीहरूको मात्र सङ्कलन, अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गरी सैद्धान्तिक ढाँचा निर्माण गर्ने आवश्यकताका आधारमा लेखको निष्कर्ष निकालिएको छ ।

## परिणाम तथा छलफल

### सूक्ष्म शिक्षणको स्वरूप

सूक्ष्म शिक्षणलाई शिक्षण कार्यकलापको पूर्वाभ्यास शिक्षणका रूपमा लिइन्छ । तसर्थ यस शिक्षण कियाकलापलाई लघु शैक्षणिक गतिविधिका रूपमा पनि चिनाइने गरिन्छ । समग्रमा यसको स्वरूपलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ (बार्टली, २०१८) :

- एकपटकमा एउटा मात्र शिक्षण सीप विकास गर्ने उद्देश्यका लाथ कियाकलाप केन्द्रित शिक्षण हुने,
- विषयवस्तुलाई थोरै सीमामा समेटिएको हुन्छ,
- पटकपटकको शिक्षण सीपको अभ्याससमार्फत् यसमा विज्ञता हासिल गरिन्छ,
- भाषाका सीपको परीक्षणका लागि यसलाई प्रयोग गरिन्छ,
- विद्यार्थी र सुपरिवेक्षकबाट तत्काल पृष्ठपोषण प्रदान गरिन्छ,
- यस अभ्यास कार्यकममा विद्यार्थीले स्वमूल्याङ्कनको अवसर प्राप्त हुन्छ,
- शिक्षण सिकाइमा सुधारका लागि यसअन्तर्गत निरन्तर प्रयास गरिन्छ,
- कक्षामा बढीमा ५-१० जना विद्यार्थी र ५-१० मिनेटको समय सीमाभित्र शिक्षण सक्ने ढाँचा बनाइन्छ,
- एउटा उद्देश्यलाई विशिष्टीकृत गरी सूक्ष्म बनाई पारदर्शी शिक्षण गर्ने ढाँचा बनाइन्छ,
- योजना, पुनःयोजना, शिक्षण, पुनः शिक्षण, पृष्ठपोषण, पुनः पृष्ठपोषणको चक्र चलिरहन्छ,

### सूक्ष्म शिक्षणको भाषाशैक्षणिक तथा कक्षाकोठाको स्वरूप

एकचोटीमा एउटा मात्र उद्देश्य वा सीपको अभ्यास गर्न सकिने भएकाले यस शिक्षण अभ्यासमा विषयवस्तुलाई जतिसक्दो सूक्ष्म वा सानो बनाई छोटो समयमा शिक्षणको प्याकेज वा पूर्ण ढाँचाको निर्माण गर्ने अपेक्षा राखिन्छ । यसलाई एउटा लघु शैक्षणिक प्रक्रियाका रूपमा अपनाइए तापनि पूर्ण शिक्षणमा जेजे गरिन्छ/गरिनुपर्छ त्यही अभ्यास गर्नुपर्छ । कक्षाकोठामा विद्यार्थीको सङ्ख्या पनि सानो बनाउनुको अर्थ पनि हरेक विद्यार्थीले मौका पाउन तथा सिकाइ उपलब्धि प्राप्त हुन नसकुन्जेल पुनः शिक्षण प्रक्रिया पुनरावृत्त गरिनुलाई हो ।

सहपाठीहरू विद्यार्थीको भूमिकामा उपस्थित हुने तथा सहपाठीले नै शिक्षण गर्ने भएकाले यसमा सूक्ष्म शिक्षण सिकाइको गतिविधि सक्रिय बन्छ । सूक्ष्म शिक्षणको कार्यान्वयनका सन्दर्भमा निम्नानुसारका चरणहरू पार गर्नुपर्दछ :




सामान्यतया सूक्ष्म वा लघु शिक्षण अभ्यासमा कक्षाकोठामा तीन चरणको सीपको अपेक्षा गरिन्छ :

***ज्ञान आर्जन***

शिक्षकले आवश्यक शिक्षण सीप निर्धारण गर्दछ । त्यो सीपका बारेमा सम्बन्धित विभिन्न अनलाइन र अफलाइन स्रोत सामग्रीको अध्ययन गरी ज्ञान हासिल गर्दछ र सूक्ष्म शिक्षणको योजना गर्दछ । यसो गर्दा कक्षाको विद्यार्थी सङ्ख्या, समय तथा विषयको प्रकृतिलाई पनि ध्यान दिनुपर्दछ ।

***सीप विकास***

यस चरणको कक्षा कियाकलापमा सर्वप्रथम शिक्षकले विज्ञको नमुना कक्षा शिक्षण कार्यको अवलोकन गर्दछ । त्यसपछि विभिन्न पटकपटक अभ्यास र रिहर्सल गर्दै निर्धारित शिक्षण सीप दक्षता हासिल गर्दछ । शिक्षण अभ्यासका कममा शिक्षण समय, अवधि, सीप, सुपरिवेक्षक र विद्यार्थी जस्ता पक्ष निर्धारण गरिन्छ ।

***अभिबृद्धि चरण***

यस चरणको कक्षा गतिविधिमा वास्तविक शिक्षणको प्रस्तुति दिइन्छ । शिक्षक र विद्यार्थीहरू सिकाइ प्रकियामा सहभागी हुन्छन् । उनीहरूले राखेको उद्देश्य पूरा गर्ने चरण वा गतिविधि गरिन्छ ।


**सूक्ष्म शिक्षणको प्रक्रिया वा कार्यक्रमको ढाँचा**

शिक्षणको योजना तथा पूर्व अभ्यासका रूपमा सूक्ष्म शिक्षण योजनालाई लिइनुपर्छ । यसलाई कुनै छुट्टै पाठ योजना तथा शिक्षण नभई पाठ योजनाकै सङ्क्षिप्त रूपमा प्रयोग गरिनुपर्छ । पूर्ण पाठको योजनामा ४५ मिनेट र कक्षाभरि विद्यार्थीहरू हुन्छन् भने यसमा समय तथा कक्षाआकार घटाइन्छ । तसर्थ त्यस किसिमको योजनामा आधारित शिक्षण नै सूक्ष्म शिक्षण हो र यसको सुरुवात पनि सूक्ष्म शिक्षणको योजनाबाट हुन्छ । योजना निर्माणमा कुनै एक उद्देश्य राखेर, कुनै एक उपशीर्षकको विषयमा सामग्रीसहितको शिक्षण गर्ने प्रक्रिया यसमा अपनाइन्छ । सानो आकारको कक्षा हुने भएकाले यसमा विद्यार्थी नै शिक्षक तथा विद्यार्थीको भूमिकामा देखिन्छन् । शिक्षणपश्चात् पृष्ठपोषण लिने र दिने क्रममा उद्देश्य पूरा भयो कि भएन भन्ने पक्षमा छलफल हुन्छ । यदि सिकाइ उपलब्धि पूरा भएको छैन भने योजना निर्माणको चक्र फेरि सुरु हुन्छ । सामान्यतः सूक्ष्म शिक्षणको शैक्षणिक प्रक्रियालाई निम्नानुसार योजनाबद्ध बनाइएको हुनुपर्छ :

चरण १: सूक्ष्म पाठयोजना (२ घण्टा/प्रतिदिन)
चरण २: शिक्षण चरण ५ मिनेट
चरण ३: पृष्ठपोषण चरण ५ मिनेट
चरण ४: पुनर्योजना चरण १० मिनेट
चरण ५: पुनर्शिक्षण चरण ५ मिनेट
चरण ६: पुनर्पृष्ठपोषण चरण ५ मिनेट
जम्मा ३० मिनेट (अनुमानित)

**सहपाठी शिक्षणको स्वरूप**

सहपाठी शिक्षण र सहपाठी सिकाइलाई मिहीन रूपले हेर्दा अलिअलि भिन्न देख्न सकिन्छ किनकि 'सहपाठी शिक्षणमा धेरै कुरा पूर्वनिर्धारित तथा सुनिश्चित गरिएको हुन्छ तर सहपाठी सिकाइमा लचकता अपनाइएको हुन्छ (विट्मैन र फाइफ, १९८९) ।' यद्यपि सहपाठी शिक्षणलाई सहपाठी सिकाइकै एक समाविष्ट अर्थमा पनि प्रयोग गर्दै आइएको छ । सहपाठी शिक्षण सिकाइका सन्दर्भमा सहपाठी विद्यार्थी र शिक्षकका बिच पनि युगल समन्वय गरी कक्षा शिक्षण गर्न गराउन सकिन्छ । शिक्षक र विद्यार्थी, सहपाठी/सहपाठीका बिच समन्वय गरी सँगसँगै वा पालैपालो एउटै शीर्षक तथा पाठ्यांशमा प्रस्तुति दिन/लिन सकिन्छ । सहपाठी सहपाठी मिलेर सँगसँगै शिक्षण तथा सँगसँगै सिकाइको वातावण बनाउँछन् । 'शिक्षण सिकाइकै दौरानमा एउटा सहपाठीले अर्को सहपाठीलाई सहयोग गर्न कक्षाको हरेक बसाइ तथा प्रस्तुति कक्षमा जानसक्छ र शिक्षण गतिविधिका दौरानमा उठेका प्रश्न तथा समस्याका बारेमा आफूलाई जानकारी भएमा आफैँले सहयोगी सहपाठी शिक्षक बन्न सक्छ र प्रस्तोतालाई सहयोग गर्नसक्छ (एल.एल.लिम, २०१४, ३६) ।' प्रस्तोताले उत्तर दिन नसकेमा अर्को सहपाठी तथा सुपरिवेक्षकले उत्तर दिन तथा शिक्षण सिकाइ गतिविधि सञ्चालन गर्न सक्छन् र सहपाठी शिक्षण सिकाइका सन्दर्भमा आपसी सहयोगको वातावरण नै प्रभावकारी तरिका बन्दछ । यसर्थ यसको स्वरूपका बारेमा धेरै मतैक्य पाइए तापनि प्रयोगमा आइरहेका स्वरूपलाई प्रकारका रूपमा यहाँ चर्चा गरिएको छ :




माथिको स्वरूपअनुसार हेर्ने हो भने सहपाठी शिक्षण तथा सिकाइमा निम्नानुसारको शिक्षणीय स्वरूपको प्रयोग हुन्छ :

- प्रशिक्षक तथा प्रशिक्षार्थी सँगसँगै एउटै टेबलमा बसेर आफूसँग भएका सिकाइका सामग्रीहरू साटासाट गर्दै सिक्दै र सिकाउँदै गर्न सक्छन् ।
- यसमा हरेक कुरा मिलेर गर्न सक्छ कि सक्दैन भनेर पनि अवलोकन गरिराखिएको हुन्छ ।
- यसमा कम्तिमा २ जना सहभागी हुनैपर्छ, त्यसपछि २ वा बढी सहभागीका बिचमा कोही मुख्य प्रस्तोता, सहायक प्रस्तोता, स्वयंसेवी प्रस्तोता, सुपरिवेक्षक, अवलोकनकर्ता, मूल्याङ्कनकर्ता, सहभागी आदिका भूमिकामा आलोपालोको ढाँचामा व्यवस्थापन मिलाइन्छ । साधारणतः ४५ मिनेट नै पढाउनुपर्ने वा सहपाठीहरूका बिच छलफल अन्तरक्रिया गर्नुपर्ने भए तापनि थिमेटिक संरचनामा २० देखि ३०मिनेटको योजना बनाएर दुई वा सोभन्दा बढी सहपाठीहरू मिली सामूहिक प्रस्तुति दिन सक्छन् ।

**सहपाठी शिक्षणको प्रकार वा शिक्षणीय मोडेल**

कक्षाकोठाको प्रकृति, सहभागीको अवस्था, कक्षाकोठा व्यवस्थापन तथा विषयको प्रकृतिअनुसार सहपाठी शिक्षणको प्रकारलाई यसप्रकार देखाइएको पाइन्छ :

***एकल सहपाठी शिक्षण***

यस प्रकारको सहपाठी शिक्षणले एउटा तालिमप्राप्त प्रशिक्षक वा सहजकर्तालाई शिक्षण गर्न प्रस्ताव गर्छ जहाँ  अन्य विद्यार्थीहरू अलि निष्क्रिय बन्छन् । यस्तो प्रकारको सहपाठी शिक्षण सिकाइ तथा शारीरिक रूपले विशेष प्रकारका विद्यार्थीलाई शिक्षण गर्न उपयोगी बन्दछ ।

***द्विसहपाठी शिक्षण***

यस प्रकारको सहपाठी शिक्षणलाई दोहोरो भूमिकामा आधारित समन्वयात्मक शिक्षण सिकाइ भन्ने गरिन्छ । यसमा एक जोडी विद्यार्थी⁄सहपाठी (Pair works: Peer supports) मिली शिक्षण गर्ने तथा सिकाउने भूमिका निर्वाह गर्छन् । यस अनुसार उनीहरू आफ्ना योजना, उद्देश्य, सामग्री तथा स्टेज वा टेबल साटासाट गर्ने तथा आपसी सहकार्य गरी गतिविधि सञ्चालन गर्छन् । यस प्रकारको सहपाठी शिक्षणले विद्यार्थीको सिकाइमा सक्रियता ल्याउँछ । एक आपसका विचार, ज्ञान, दृष्टिकोण तथा विषयहरू मिलेर साट्छन् र साझा समस्यामा आआफ्नो विज्ञता प्रयोग गर्ने र सिकाइमा आपसी निर्भरता निर्माण गर्ने पद्धतिका रूपमा यसलाई लिइन्छ । कक्षाकोठामा विद्यार्थीको सङ्ख्याअनुसार एक वा एकभन्दा बढी सहपाठीहरू सँगसँगै शिक्षक तथा सहभागी सँगै बन्ने अवसर यस प्रकारको सहपाठी शिक्षणमा पाइन्छ । यसमा सहपाठीलाई शिक्षक होइन सहजकर्ता तथा प्रस्तोता र दर्शक तथा पर्यवेक्षक वा सुपरिवेक्षकको दोहोरो भूमिकामा देख्न सकिन्छ । यसै प्रकार अनुरूपको सहपाठी क्रियाकलापमा विद्यार्थीहरूले सिकाइको मुद्दामा आफ्ना कुराहरू बिनाहिच्किचाहट रूपमा राख्न र सहपाठीसँग खुलेर अग्र तथा पृष्ठपोषण लिने र दिने गर्छन् । यस प्रकारको सहपाठी शिक्षणमा समन्वयात्मक तथा सञ्चार सीपको विकास गर्ने अपेक्षा राखिन्छ । एउटा प्रस्तोताको सहकर्मी वा सहयोगीका रूपमा अर्को प्रस्तोता(स्वयंसेवक) राखी एउटै उद्देश्यलाई बाँडेर गतिविधि सञ्चालन गर्न सकिन्छ ।

***बहुल सहपाठी शिक्षण***

यस प्रकारको सहपाठी शिक्षणलाई *हरेक विद्यार्थी हरेक शिक्षक वा सहजकर्ता*को अवधारणामा आधारित शिक्षण सिकाइ प्रक्रियाका रूपमा लिइन्छ । एउटा कक्षालाई विभिन्न समूहमा विभाजन गर्ने, केही सहपाठीलाई पर्यवेक्षक बनाउने, केहीलाई प्रशिक्षक र केहीलाई सहभागी बनाउने कार्य यस प्रकारको सहपाठी शिक्षणमा गरिन्छ । बहुलतामा आधारित शिक्षण सिकाइ प्रक्रियामा यस प्रकारको पद्धति अपनाउन सकिन्छ । यस अनुसार हरेक सहपाठीलाई केही न केही जिम्मेवारी वा भूमिका दिइएको हुन्छ । कसैलाई सामग्री निर्माण र प्रयोग गर्न, कसैलाई शिक्षण सिकाइमा देखिएको त्रुटिको सूची निर्माण, त्रुटि निराकरणका लागि छलफल तथा सेमिनार सञ्चालन तथा कसैलाई शिक्षण सिकाइका क्रममा देखिने समस्यामा सहयोगीको भूमिका खेल्ने स्वयंसेवकको जिम्मेवारी दिइएको हुन्छ । यसमा एउटै पाठ हरेकले पटकपटक शिक्षण गर्न, गराउन तथा मूल्याङ्कन गर्न र गराउन सक्ने भएकाले सिकाइ सामग्रीको पुनरावृत्ति हुने बृहद् स्वरूपको सिकाइ पद्धतिका रूपमा यसलाई लिइन्छ । कक्षाको जुनसुकै कुनामा सम्बन्धित विषय वा शीर्षकमा आत्मविश्वासी सहभागी भएमा उसले आफू बसेकै ठाउँबाट आफ्नो विज्ञतालाई प्रस्तुत गर्न पाउँछ र कक्षामा उठेका जिज्ञासालाई समाधान गरिदिन सक्छ तसर्थ यस प्रकारको सहपाठी शिक्षणलाई लचिलो प्रकारको सहपाठी शिक्षण पनि भन्ने गरिन्छ ।

***छड्के वा क्रस उमेरगत सहपाठी शिक्षण***

यस प्रकारको सहपाठी शिक्षणमा कम वा बढी उमेर भएका सहपाठीहरूलाई भित्र्याई पुराना वा अनुभवी सहपाठीले नयाँ सहपाठीलाई शिक्षण गर्ने काम गरिन्छ । सुरुसुरुमा नवप्रवेशीलाई सिकाइमा सहभागी बनाइन्छ र उनीहरूलाई विज्ञ सहपाठीहरूसँग समन्वय गराई शिक्षण सिकाइमा स्वयंसेवक बनाउँदै पूर्ण शिक्षक बनाउने प्रक्रियामा अघि बढाइन्छ । बढी उमेरका सहपाठी भएमा उमेर सुहाउँदो शिक्षण सिकाइ वातावरण बनाई सहभागितामूलक वातावरणको निर्माण गरिन्छ । यस्तो प्रकारको सहपाठी शिक्षणमा कक्षाकोठाको जुनसुकै कुनामा

नयाँ वा नमिल्दो उमेरको सहपाठी भएमा उसैलाई केन्द्रमा राखी क्रियाकलाप सञ्चालन गरिन्छ र सिकाइमा सहभागी गराइन्छ ।

यसर्थ सहपाठी शिक्षणलाई सिकाइ क्रियाकलापको विकसित तथा सिकाइ र विद्यार्थीमैत्री सिकाइ पद्धतिका रूपमा व्यवहार गरिँदै आएको पाइन्छ । लुसी ग्रिन (२००२) का अनुसार सहपाठी शिक्षण सिकाइको अभिप्राय वा स्वरूपलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

सहपाठी सिकाइ विज्ञ वा शिक्षकविनाको अनौपचारिक सिकाइ प्रक्रियाका रूपमा देखिन्छ । यस प्रकारको सहपाठी शिक्षणले सहभागीलाई प्रभावकारी तरिकाले सिक्न सहयोग गर्दछ । सहपाठीदेखि सहपाठीसम्मको शिक्षण सिकाइ प्रक्रिया दोहोरो भूमिकामा आधारित हुन्छ, एकआपसको ज्ञान, विचार, तरिका, शैली, कला, अनुभव तथा दृष्टिकोणहरू आफ्ना सहपाठी वा सहभागीसँग एकै समयमा आदानप्रदान गर्ने थलो नै सिकाइ केन्द्र बन्दछ । उनीहरू आफ्ना हरेक कुरा सँगसँगै साटासाट गर्नसक्ने भएकाले यसलाई *आत्मनिर्भरताबाट आपसीनिर्भरता*को विकास गर्ने शिक्षण पद्धतिका रूपमा धेरै अध्येताले स्वीकारेको पाइन्छ ।

**सहपाठी शिक्षणको कक्षाकोठाको स्वरूप**

सामान्यतः विषयवस्तुलाई *थिम तथा कोडीकरण*का आधारमा प्रस्तुत गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा सहपाठी शिक्षणमा सिकाइको सामग्रीलाई विभिन्न अंशमा विभाजन गरी सहभागीहरूसँग बाँडिन्छ । मानौँ कुनै शीर्षकलाई विभिन्न उपशीर्षकहरूमा बाँड्ने, जस्तै :

शीर्षक : *लक्ष्मीप्रसाद देवकोटाको स्वच्छन्दतावादी प्रवृत्ति*

उपशीर्षक १: *प्राकृतिकता*
उपशीर्षक २: *हार्दिकता*
उपशीर्षक ३: *मानवता*
उपशीर्षक ४: *प्रेम वा स्वतन्त्रता*
उपशीर्षक ५: *स्वतस्फूर्तता*...आदि ।

यसरी विभिन्न उपशीर्षकहरू बाँडिसकेपछि सम्बन्धित उपशीर्षकहरूमा वैयक्तिक तयारीका लागि जिम्मेवारी तोक्ने र तयारीपछि पालैपालो एकपछि अर्को स्टेज प्रयोग गर्ने वा सँगसँगै गएर एकजनाले प्रश्न, अर्कोले सहजीकरण तथा अर्कोले पृष्ठपोषण सँगसँगै प्रदान गर्ने र प्रस्तुति दिने किनकि यसमा आफ्नो उपशीर्षकमा सहभागी आफैँ विज्ञ बन्नुपर्छ । यसरी प्रस्तुति दिँदा एकले अर्कोलाई सहयोग गर्दै जाने, मानौँ मानवता उपशीर्षकको प्रस्तोतालाई प्रस्ट रूपमा कक्षाका सहभागीलाई बुझाउन आएन भने आत्मविश्वासी सहभागीले उठेर प्रस्तुति दिन सक्छ । यस प्रकारको शिक्षण सिकाइको विद्यार्थीको आपसी निर्भरतामा आधारित प्रक्रिया कक्षाकोठामा अपनाउनुपर्दछ । त्यसपछि मात्रै सहपाठी शिक्षणको समन्वयात्मक सीपको उद्देश्य हासिल गर्न सकिन्छ । यसलाई अङ्ग्रेजीमा TPS or Think, Pair and Share पद्धतिका रूपमा पनि प्रयोग गरिँदै आइएको पाइन्छ । जसको मतलब आफू सोच्ने, आफ्नो सहपाठीसँग मिलेर सोचेको कुरा वा काम गर्ने र सहपाठीसँग आदानप्रदान गर्ने वा साट्ने र अन्तरनिर्भरतामा आधारित सिकाइको विकास गर्ने भन्ने आशयमा कक्षाकोठाको सिकाइ वातावरण बनाइन्छ ।

**सहपाठी शिक्षणको प्रक्रिया वा कार्यक्रमको ढाँचा**

यस पद्धतिलाई सिकाइको चुस्त तथा दुरुस्त सिकाइ पद्धतिका रूपमा लिइन्छ । सीपको सिकाइ, प्रस्ट पृष्ठपोषण लिने/दिने अवसर, हरेक सीपको प्रस्ट मूल्याङ्कन, सिकारुको अभिलेख राख्ने उत्तम पद्धति आदिका कारण यस पद्धतिको कार्यक्रम पनि सफल बनेको देखिन्छ । यस पद्धतिको कार्यान्वयनका केही खास बुँदाहरूलाई प्रस्तुत गरिएको छ (रोस) :

- सामान्यतः यसमा दुई वा बढीले सिकाइ समस्याको मुद्धा उठाउँछन् र अन्य सहभागीसँग छलफल तथा अन्तरक्रिया गरी आपसमा मिलेर निष्कर्षमा पुर्‍याउँछन्,
- सिक्ने विषयलाई बाँड्छन्, उद्देश्य, क्रियाकलाप, उदाहरण तथा मूल्याङ्कन अनि बोर्डसमेत बाँडेर प्रयोग गर्ने तथा अंशअंशमा बाँडिएको शीर्षकलाई समन्वय गरी निष्कर्षमा पुर्‍याउँछन्,
- यो शिक्षण सिकाइ पद्धति सूक्ष्म शिक्षणको ढाँचाको पद्धति होइन,
- सूक्ष्म शिक्षणको समयलाई तन्काएर तथा एउटा उद्देश्य थपेर गरिने शिक्षण सिकाइको प्रक्रिया पनि होइन,
- यसका एक वा बढी सहजकर्ताहरू आफ्नो विषयको प्रकृति मिल्ने सहपाठीसँग मिलेर सँगसँगै काम गर्न सक्छन्,
- हरेक सहभागीले आआफ्नो शिक्षण योजना, उद्देश्य, समय, सामग्री, स्टेज, काम आदि बाँडेर वा सँगसँगै आपसी सहयोगमा अपनाउन वा साटासाट गर्न सक्छन्,
- यसमा शिक्षक र विद्यार्थी भन्दा पनि प्रस्तोता र सहभागी वा प्रस्तोता र पर्यवेक्षकको भूमिकामा कक्षा बनेको हुन्छ,
- शिक्षक र विद्यार्थी पनि सहपाठीको झैँ युगल प्रस्तुति दिन सक्छन्,
- विज्ञ र सिकारु पनि विषयको प्रकृति हेरेर सँगसँगै प्रस्तुति दिन सक्छन्,
- जम्मा ४५ मिनेटको समय भए तापनि २० देखि ३० मिनेटको समय अवधिमा दुई(युगल) तथा बढी (बहुल) प्रस्तोताले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्छन्,
- शिक्षणको समीक्षासमेत गरिने तथा सिक्नका लागि शिक्षण भनी औपचारिक वा अनौपचारिक सिकाइ गतिविधि गरिन्छ,
- एउटै शीर्षकमा एकभन्दा बढीसँग मिलेर सहपाठीले प्रस्तुति दिन सक्दछन्,
- सहपाठी भएकाले केहीकेही कुरा वा प्रस्तुतिका दौरानमा सुपरिवेक्षणका सवालमा निष्पक्ष नहुन वा प्रश्न उठ्न सक्दछ ।

**भाषा शिक्षणमा सूक्ष्म तथा सहपाठी शिक्षणको उपयोगिता**

भाषा शिक्षणलाई प्रयोगात्मक रूपले सफल बनाउने कार्यक्रम भनेकै शिक्षण अभ्यास हो र शिक्षण अभ्यासका तीन कार्यक्रमहरू (सूक्ष्म शिक्षण, सहपाठी शिक्षण र वास्तविक वा ब्लक मोडेल शिक्षण) मध्ये सूक्ष्म र सहपाठी शिक्षण विद्यार्थीहरूका बिचमा समन्वय, सहकार्य तथा सञ्चारको सीपको विकास गर्ने भरपर्दो र उत्तम बिकल्प हुन् । भाषा शिक्षणलाई पारदर्शी तथा आलोचनात्मक र सिर्जनात्मक बनाई चारवटै सीपको एकीकृत रूपले विकास गर्नका लागि यी दुवै अभ्यासात्मक  शिक्षणको अत्यावश्यक छ । समग्रमा भाषा शिक्षणमा यिनीहरूको उपयोगितालाई यसप्रकार प्रस्तुत गरिएको छ :

- यी दुवै शैक्षणिक पद्धतिले भाषा शिक्षणका लागि विद्यार्थीलाई सिर्जनात्मक तथा सहकार्यात्मक सिकाइको वातावरण प्रदान गर्छन्,
- अन्तरक्रिया तथा छलफलमा आधारित अभ्यास हुने भएकाले दुवैबाट अन्तरवैयक्तिक सञ्चार सीपको विकास गरी सुनाइ, बोलाइ तथा लेखाइ सीपको समेत विकास हुन्छ,
- सहपाठी शिक्षणबाट आलोचनात्मक सोचाइको सीपको विकास गरी बोलाइ, पढाइ तथा लेखाइ सीपको विकास गर्न मदत पुग्छ,
- दुवैबाट भाषा शिक्षणमा देखापरेका समस्या तथा चुनौतीका बारेमा मिलेर समाधान गर्ने वातावरणको विकास गर्न सकिन्छ,
- भाषिक रूपमा पछौटे विद्यार्थीको सिकाइको समस्यालाई निराकरण गर्नका लागि सामूहिक प्रयास गरी भाषिक न्यायसहितको शिक्षण गर्ने वातावरणको विकास हुन्छ,
- साहित्यका हरेक विधामार्फत भाषाका सीपको विकास गर्ने क्रियाकलापलाई विभिन्न अंशमा बाँडी भाषिक अन्तरनिर्भरताको विकास गर्न सकिन्छ,
- दुवैबाट सफल र असल भाषिक शिक्षक निर्माण गर्नका लागि महत्त्वपूर्ण पूर्वअभ्यास कार्यक्रमका रूपमा अभ्यास हुने,
- समूह निर्माण, जोडी निर्माणका कैयौँ भाषिक खेलको निर्माण गरी भाषा शिक्षणलाई नै क्रियाकलापकेन्द्रित शिक्षण बनाउन उपयोगी कार्यक्रम,
- शिक्षण सिकाइ क्रियाकलापलाई प्रयोगात्मक, विद्यार्थीमैत्री तथा उद्देश्यकेन्द्रित बनाउनका लागिसमेत सूक्ष्म तथा सहपाठी शिक्षण उपयोगी बन्दछन्,
- विद्यार्थी विद्यार्थी बिचमा प्रत्यक्ष तथा सोझै अन्तरक्रिया हुने भएकाले यसमार्फत सिकाइमा सक्रियता थपी व्याख्यान विधिमैत्री शिक्षणलाई विस्थापन गर्न मदत पुग्दछ,
- शिक्षकको भूमिका गौण हुने भएकाले सिकाइ तथा यसको गतिविधिमा विद्यार्थीहरूमा जिम्मेवार बन्ने भावनाको विकास गरी हरेक भाषिक समुदाय, तथा मातृभाषी सहपाठीहरूका बिच मित्रवत् सम्बन्धको विकास गर्न मदत पुग्दछ,
- शिक्षकलाई समेत शिक्षणपूर्व अभ्यास गरी पूर्ण शिक्षण गर्ने तयारीमा मदत पुग्दछ,
- शिक्षक र विद्यार्थी बिच आपसी सम्बन्धको विकास भई समन्वयात्मक सिकाइको विकासमा दुवै शिक्षण अभ्यासले मदत पुर्‍याउँछन्,
- भाषाको कक्षाकोठामा शिक्षक र विद्यार्थी मिलेर काम गर्ने बानीको विकास हुन्छ,
- भाषा शिक्षणमा प्रयोगात्मक तथा प्राविधिक सीपले युक्त जनशक्ति चाहिने भएकाले सीपयुक्त जनशक्ति तयार गर्न सहयोग पुग्छ,
- सहपाठी तथा प्रशिक्षकका पृष्ठपोषणले शिक्षणमा अपेक्षाकृत सुधार हुन्छ,
- शिक्षणका सीपलाई सरलीकृत गरी शिक्षण गराइने हुँदा शिक्षण सिकाइ कार्यकलाप सरल, सहज र प्रभावकारी हुन्छ,
- भाषाका सीपको तुरुन्त पृष्ठपोषण र मूल्याङ्कन हुन्छ,

- भाषा सिकाइमा महत्त्वपूर्ण शिक्षण सीपहरूको विकासमा सहयोग पुग्छ,
- क्रियाकलापमा सुरक्षित अभ्यासको आधार प्राप्त हुन्छ,
- भाषाका प्रशिक्षार्थीलाई व्यक्तिगत रूपमा तालिम दिन मदत पुग्छ,
- सिकाइका क्रममा शिक्षण सिकाइको व्यवहार परिवर्तनमा प्रभावकारिता आउँछ,
- प्रशिक्षार्थीलाई शिक्षण अभ्यासमा समावेश हुँदा आइपर्ने समस्याहरू समाधान गर्न मद्दत मिल्छ,
- खर्चका दृष्टिले पनि यी दुवै पद्धतिहरू मितव्ययी हुन्छन्,
- उपचारात्मक शिक्षण गर्न तथा सिकाइमा आइपरेका समस्यालाई अंशअंश छुट्याएर भाषा शिक्षणलाई त्रुटिरहित बनाउन मदत पुग्छ ।

**निष्कर्ष तथा उपलब्धि**

सूक्ष्म तथा सहपाठी शिक्षणलाई शिक्षण अभ्यासका महत्त्वपूर्ण अभ्यासात्मक कार्यक्रममा रूपमा लिइन्छ । भाषा शिक्षणका चारवटै सीपहरूको एकीकृत विकास गर्ने हेतुले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको हुन्छ । शिक्षण अभ्यास नै भाषा शिक्षणलाई कक्षाकोठामा लैजाने र प्रयोगमार्फत् सीपको शिक्षण गर्ने/गराउने कार्यक्रम हो । शिक्षण अभ्यासमा भाषाका सीपहरूको शिक्षण गर्ने कलाको अभ्यास गराइन्छ भने शिक्षक बन्ने पूर्वअभ्यास गरिन्छ । जसमध्ये सूक्ष्म शिक्षणलाई पाठ्यांश, समय, विद्यार्थी सङ्ख्या घटाएर सानो आकार बनाइएको कार्यक्रमका रूपमा प्रयोग गरिन्छ । यसमा विद्यार्थी सङ्ख्या ५/१० को आकारको कक्षा तथा ५ देखि १० मिनेटसम्मको शिक्षण योजना बनाई सहपाठी शिक्षक र सहपाठी नै विद्यार्थी बन्ने भूमिका निर्वाह गरिन्छ । शिक्षण वास्तविक गरिन्छ तर शिक्षकले पनि शिक्षकको भूमिका निर्वाह गर्छ भने विद्यार्थीले पनि विद्यार्थीको भूमिका निर्वाह गर्छ । यसलाई साना साना अंशमा पाठको शिक्षण गरी भाषाका सीपको विकास गर्ने सूक्ष्म पद्धतिका रूपमा लिइनुपर्छ । सहपाठी शिक्षणलाई एकभन्दा बढी सहपाठी नै मिलेर शिक्षण गर्ने तथा सिक्ने सिकाउने शिक्षण अभ्यासका रूपमा प्रयोग गरिन्छ । यसमा कम्तिमा २० मिनेटदेखि ४५ मिनेटसम्मको कक्षा समय निर्धारण गरिए तापनि दुई वा बढी सहपाठीले उस्तै योजना, उस्तै सामग्री, उस्तै उद्देश्यको सँगसँगै मिलेर प्रस्तुति दिन सक्ने अभ्यासको योजना बनाउन सक्छन् । अनौपचारिक र मित्रवत् शैलीमा विज्ञ बन्न सक्ने भएकाले तथा अहिलेको नवीन शैक्षणिक मोडेलमा थिमेटिक एवम् सङ्कथनात्मक मोडेलको अभ्यास हुन थालेकाले संरचनात्मक मोडेलभन्दा थिम र सारको मोडेलमा अभ्यास गरिने शिक्षण सिकाइको नवीन मोडेलका रूपमा सहपाठी शिक्षणलाई लिइन्छ साथै यसभित्र २० देखि ३० मिनेटको समयलाई उपयुक्त, थिमेटिक, सहभागीकेन्द्रित र ढाँचाबद्ध शैक्षणिक अभ्यासका रूपमा लिइन्छ । समन्वयात्मक सिकाइको विकास गर्ने तथा आपसी निर्भरतामा आधारित सिकाइको निर्माण गर्ने उद्देश्य रहेकाले सहपाठी शिक्षणमा शिक्षक र विद्यार्थीको भूमिका हुँदैन । सहपाठी सहपाठी मिलेर काम गर्ने, शिक्षकको गौण भूमिका हुने भएकाले एकले पढाउँदा अर्को सहभागी बन्ने वास्तविक सामूहिक कार्यका रूपमा सहपाठी शिक्षणलाई अपनाइन्छ । तसर्थ भाषाका सीपको अभ्यासात्मक ढङ्गले शिक्षण गर्ने तयारीका लागि सूक्ष्म र सहपाठी शिक्षण उत्तम उपाय र पद्धतिका रूपमा चिनिन्छन् र यसलाई प्रभावकारी र सैद्धान्तिक रूपले प्रस्ट भई कक्षाकोठाभित्र वा बाहिर अपनाएमा शिक्षण सिकाइ प्रक्रिया नै गुणस्तरीय बन्न सक्तछ ।

## सन्दर्भसामग्री


### नेपाली सामग्री

अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण केही प्ररिप्रेक्ष्य तथा पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०७५), *नेपाली भाषा शिक्षण,* पिनाकल पब्लिकेसन ।

नेपाल, शक्तिराज (२०७९), *भाषिक सम्पादन कला,* करुधरा पब्लिकेसन ।

बस्याल, गोपालप्रसाद (सन् २०२०), सूक्ष्म शिक्षण प्रशिक्षण अभियान-२०२० : अवधारणा र उपलब्धि, *शिक्षक मासिक* ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* विद्यार्थी पुस्तक भण्डार ।

### अङ्ग्रेजी सामग्री

Akinsola. M. Tella. & A. Tella. (2007). Correlations of Academic Procrastination and Mathematics Achievement of University Undergraduate Students. *Eurasia Journal of Mathematics, Science and Technology Education*, *3*, 363-370.

Bartley. D. E. (2018). *Micro Teaching: rationale, procedures and application to foreign language.* https;/eric.ed.gov/? =EJ01053

Brown. G. (1975). *Micro Teaching: a program of teaching skills.* Amazon Books.

Brown. S. & Glasner. A. Ed. (1999). *Assessment Masters in Higher Education, the Society for Research into Higher Education*. Open University Press. Buckingham.1-13.

Chris. D. (2022). *Peer to Peer Learning-examples, benefits and Strategies.* http;/www.opencolleges.edu.au/informed/features/peerteaching/#ixzz32kDiiDep

Dochy.F. & Mcdowell. L. (1997). *Assessment as a Tool for Learning. Studies in Educational Evaluation*. 23-279-298. http;//dx.doi.org/10.1016.S0191-491X (97) 86211-6

Dwight. W. Allen & Arthur. W. Eve. (1968). *Micro Teaching: Theory in to Practice*. 7: 5, 181-185. DOI:100.1080/0045846809542153

L. Stanne. M. & Samuel. D. (1999). Effects of Small Group Learning on Undergraduates in Science, Mathematics, Engineering, and Technology: A Meta-analysis. *Review of Educational Research*. 69.21-51. http://dx.DOI.org/10.3102/00346543069001021

Lim. L.L. (2014). A case study on peer teaching. *Open journal of social science.* 2.35-40. http://dx.org/10.4236/jss.2014.28006

Poon. W. Y., Mc Naught., Lam. P. & Kwan. H.S. (2009). Improving Assessment Methods in University Science Education with Negotiated Self and Peer Assessment. *Assessment in Education: Principles, Policy & Practice*, 16, 331-346.http://dx.DOI.org/10.1080/09695940903319720

Richards. J. C. & Farrell. T.S.C. (2005). *Professional Development for Language Teaching.* Researchgate.com.org.

Saito. H. (2008). *EFL Classroom Peer Assessment: Training Effects on Rating & Commenting Language Testing*. 25.553-581.http://dx.DOI.org./10/1177/ 0265532208094276

Vasay. E.T. (2010). The Effects of Peer Teaching in the Performance of Students in Mathematics. *E-International Scientific Research Journal*.2.161-171

Whiteman & Fife. (1989). Peer teaching and Assessment teaching (Researchgate.com).